नेपाल सरकार

विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

पत्र संख्या: ०८३।०८४

चलानी नं. ६७

सिंहदरवार

काठमाडौँ, नेपाल।

मितिः २०८३ /०५/ ३१

श्री त्रिभुवन विश्वविद्यालय, किर्तिपुर, काठमाडौँ

श्री काठमाडौँ विश्वविद्यालय, धुलिखेल, काभ्रेप्लाञ्चोक

श्री पूर्वाञ्चल विश्वविद्यालय, गोठगाउँ, मोरङ

श्री पोखरा विश्वविद्यालय, पोखरा, कास्की

श्री सुदूरपश्चिम विश्वविद्यालय, महेन्द्रनगर, कन्चनपुर

श्री मध्यपश्चिम विश्वविद्यालय, विरेन्द्रनगर, सुर्खेत

श्री राजर्षि जनक विश्वविद्यालय, जनकपुर, धनुषा

श्री नेपाल खुला विश्वविद्यालय, मानभवन, ललितपुर

श्री कृषि तथा वन विश्वविद्यालय, भरतपुर, चितवन

श्री नेपाल संस्कृत विश्वविद्यालय, वेलझुण्डी, दाङ ।

श्री मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय, चित्लाङ्ग, मकवानपुर

विषयः विश्वविद्यालयमा नवप्रवर्तन केन्द्र स्थापना तथा सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।

नेपालमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनको विकासलाई राष्ट्रिय विकासको प्राथमिकतासँग आवद्ध गर्दै अनुसन्धान, प्रविधि विकास, नवप्रवर्तन तथा उद्यमशीलताको प्रवर्द्धनमार्फत ज्ञानमा आधारित अर्थतन्त्रको आधार निर्माण गर्ने उद्देश्यले विश्वविद्यालयका विद्यमान ज्ञान, अनुसन्धान क्षमता, प्राविधिक जनशक्ति, प्रयोगशाला तथा पूर्वाधारलाई अधिकतम उपयोग गर्दै विद्यार्थी, अनुसन्धानकर्ता, प्राध्यापक, उद्योगी तथा निजी क्षेत्र लगायत सरोकारवालाबीच सहकार्य र ज्ञान हस्तान्तरणलाई प्रवर्द्धन गर्न विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयले विश्वविद्यालयहरूमा नवप्रवर्तनको संस्थागत वातावरण विकास गर्न विशेष पहल अघि बढाएको छ।

उक्त नवप्रवर्तन संस्था (केन्द्र)ले विश्वविद्यालयभित्र विकास भएका अनुसन्धान तथा प्रविधिलाई प्रयोगात्मक विकास, प्रोटोटाइप निर्माण, प्रविधि हस्तान्तरण, बौद्धिक सम्पत्ति संरक्षण, स्टार्टअप तथा उद्यमशीलता विकास र बजारसँगको आवद्धतासम्म पुऱ्याउने अनुसन्धानदेखि नवप्रवर्तन तथा व्यावसायिकीकरणसम्मको समग्र इकोसिस्टम निर्माणमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। अतः तहाँ विश्वविद्यालयको विद्यमान अवस्था, क्षमता तथा भविष्यको कार्ययोजनालाई समेटी नवप्रवर्तन केन्द्र स्थापना तथा सञ्चालनसम्बन्धी प्रस्ताव मिति २०८३ असोज १० गतेभित्र मन्त्रालयमा पेश गर्नुहुन नेपाल सरकार (माननीय मन्त्रीस्तरीय) मिति २०८३।०५।३१ को निर्णयानुसार अनुरोध छ।

२०८३।५।३१

गिता वस्याल

मेकानिकल ईन्जिनियर

फोन नं. :

वेवसाइट :